**नीति केएफए - विद्यालय सम्पत्तिमा जन व्यवहार**

विद्यालय डिस्ट्रिक्ट सम्पत्ति प्रयोग गर्ने र कुनै पनि व्यक्तिहरू निम्न कुराहरूमा संलग्न हुने छैनन् :

१. शिक्षण, अनुसन्धान, सेवा, प्रशासनिक र अनुशासनात्मक कार्य वा अन्य कुनै बोर्डद्वारा प्रायोजित वा स्वीकृत क्रियाकलापहरूलाई बाधा गर्ने, अवरोध पुऱ्याउने वा हस्तक्षेप गर्ने मनसायको कुनै व्यवहार ।

२. कुनै व्यक्ति, विद्यालय डिस्ट्रिक्टको स्वामित्वमा भएको वा सोद्वारा नियनत्रित गरिएको सम्पत्ति वा विद्यालय डिस्ट्रिक्टले प्रायोजन वा सुपरिवेक्षण गरेका समारहोहरूमा क्षति पुऱ्याउने धम्की वा क्षति गर्ने कार्य ।

३. जुनसुकै ठाउँको भए पनि विद्यालय डिस्ट्रिक्टको सम्पत्ति वा विद्यालय डिस्ट्रिक्ट नियन्त्रित परिसरमा अवस्थित समुदायको सदस्य वा विद्यालय आगन्तुकको सम्पत्तिमा क्षति पुऱ्याउने धम्की वा क्षति गर्ने कार्य ।

४. भवन र मैदानसमेत विद्यालय सुविधाहरूमा बलजफ्ती वा अनधिकृत प्रवेश ।

५. विद्यालय डिस्ट्रिक्ट सम्पत्ति, विद्यालय प्रायोजित समारोह, कुनै विद्यालय वस यातायात वा विद्यालय परिसर भन्दा १,००० फिट वरिपरिको क्षेत्रमा लागू पदार्थ र अन्य नियन्त्रित वस्तुहरू, मदिरा र अन्य अवैध निषेध गरिएका पदार्थहरूको गैरकानुनी प्रयोग, वितरण र बिक्री गर्ने कार्य । (मदिराको प्रभावमा रहेको जानिएका व्यक्तिहरूलाई विद्यालय परिसर वा प्राङ्गणमा प्रवेश गर्न दिइनेछैन ।)

६. कानुनले परिभाषित गरे अनुसार, विद्यालय सम्पत्ति वा विद्यालय भवनहरूमा खतरनाक हतियारहरूको गैरकानुनी स्वामित्व जबसम्म सो व्यक्ति सो कार्यका लागि राज्यको कानुनद्वारा अपवादमा पर्दैन जसमा निम्न कुरा सामेल छन् :

क) उसँग खतरनाक हतियार स्वामित्वमा राख्ने कानुनी अधिकार छ ।

ख) उसले विद्यालका लागि वा सङ्गठित कक्षाका लागि स्वीकृत सामुदायिक प्रदर्शन प्रस्तुत गरिरहेको छ ।

ग) खतरनाक हतियार आवश्यक हुने विद्यालय डिस्ट्रिक्टको काम गरिरहेको छ ।

घ) बन्दुक चाहिने स्वीकृतिप्राप्त समूह वा अतिरिक्त क्रियाकलापमा भाग लिइरहेको छ ।

ङ) स्वीकृति प्राप्त शैक्षिक कार्यक्रममा प्रयोग गर्नका लागि उसले त्यस्ता हतियार बोकेको छ जसमा हतियारहरूको मरम्मत र व्यवस्थापन सम्बन्धी निर्माण गरिएको कोर्स पनि सामेल छ तर यतिमै सीमित छैन ।

च) उ काममा भएको शान्ति अधिकारी हो ।

७. गाली वा शाब्दिक रूपमा अपमानजनक भाषा ।

८. फेडेरल, राज्य वा शहरी कानुन वा बोर्डका यथा समय स्वीकृत नीति र/वा नियमनहरूको उल्लङ्घन गर्ने किसिमको कुनै पनि व्यवहार ।

९. बरालिनु (त्यत्तिकै केही नगरी उभिनु, ढिलासुस्ती गर्नु, ढिलो गर्नु, टहलिनु, रहिरहनु, त्यत्तिकै बस्नु, सामुदायिक स्थलहरूमा अलमलिनु) ।

जनसमुदायको कुनै पनि सदस्य जसलाई सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले यस नीतिको उल्लङ्घन गरेको भनी पहिचान गर्छन् भने सो सदस्यलाई विद्यालय डिस्ट्रिक्टको सम्पत्ति छाडेर जान निर्देशन दिइनेछ ।

क) विद्यालय प्राङ्गणबाट आमाबाबु र आधिकारिक अभिभाकलाई निषेध ।

शिक्षा बोर्ड विद्यार्थी उपलब्धिको बलियो घटकका रूपमा पूर्ण अभिभावकीय संलग्नतामा भर पर्दछ र सोका लागि प्रोत्साहित गर्दछ । यस अतिरिक्त बोर्ड आफ्ना बच्चाहरूको पक्षमा वकालत गर्ने, पाठ्यक्रम तथा विद्यालय सञ्चालन सम्बन्धी स्पष्टिकरण माग्ने र अभिमत जाहेर गर्ने, आफ्नो बच्चाको गुणस्तरीय सामुदायिक शिक्षा पाउने अधिकारसँग हस्तक्षेप गर्ने सुरक्षा र अन्य मुद्दाहरूको कुनै पनि रुपको प्रत्याक्रणको डर बिना समाधान खोज्ने अभिभावकीय अधिकार रहेको स्वीकार र पहिचान गर्दछ । यद्यपि, सिक्नका लागि सुरक्षित र निश्चिन्त हितकर वातावरण सुनिश्चित गर्ने दायित्व स्टाफको हो र शिक्षण, अनुसन्धान, सेवा, प्रशासन वा अनुशासनात्मक कार्यहरू वा अरू कुनै बोर्डले स्वीकृत वा प्रायोजित गरेको अन्य कुनै क्रियाकलापमा बाधा, अवरोध वा हस्तक्षेप गर्ने उद्देश्यले गरिएको व्यवहार देखि मुक्त विद्यालयको सञ्चालन आवश्यक हुन्छ । त्यसैले अभिभावकहरूले आफूहरूलाई माथि चित्रित गरिएका मार्गदर्शनहरू अनुसार अनुकूल राख्न आवश्यक छ ।

यदि कुनै आमाबाबु/आधिकारिक अभिभावकले विद्यालय सम्पत्तिमा यस नीतिको उल्लङ्घन गरेको स्थिति पाइएमा निजलाई आमाबाबु र आधिकारिक अभिभावकलाई सुरक्षित र व्यवस्थित विद्यालय वातावरण सुनिश्चित गर्न अन्यथा निशुल्क प्रदान गरिँदै आएको पहुँचबाट वञ्चित गर्न सकिनेछ। यस्तो स्थितिमा विद्यालयमा निषेध सम्बन्धी आमाबाबु वा अभिभावकलाई लिखित जानकारी प्रदान गरिनेछ जसमा निम्न मापदण्ड हुनेछन् :

• पत्रमा उल्लङ्घन गरिएको नीतिको भागको सन्दर्भ उल्लेख गरिएको हुनेछ।

• पत्रमा घटनाको तथ्यगत र संक्षिप्त विवरण हुनेछ।

• गैर-हिंसात्मक उल्लङ्घनका लागि तात्कालिक विद्यालय वर्षको अन्त्यभन्दा नबढ्ने गरी पत्रले विद्यालय भवनबाट निषेधको समयसीमा उल्लेख गर्नेछ ।

• पत्रमा अभिभावकहरूलाई निर्णय विरूद्ध अपिल गर्नका लागि निर्देशन र यस नीतिले उल्लेख गरेअनुसार अपिलको प्रक्रियाका लागि सन्दर्भ दिइएको हुनेछ।

• डिस्ट्रिक्ट सुरक्षा र बचाउ वा अन्य पर्सोनेलले सो जानकारी दिएका बेला आफूलाई स्पष्ट रूपमा चिनाउनु पर्नेछ र आमाबाबु/अभिभावकको सन्दर्भका लागि बिजिनेस कार्डहरू छोड्नु पर्नेछ।

ख) विद्यालय प्राङ्गणबाट आमाबाबु/अभिभावकलाई निषेध गरिए विरूद्ध अपिल गर्ने प्रक्रिया।

कुनै पनि परिस्थितिमा निषेध पत्रहरूलाई द्वन्द्व समाधान वा आमाबाबु/आधिकारिक अभिभावकविरुद्ध प्रत्याक्रमणका रूपमा प्रयोग गरिनु हुँदैन। विद्यालय नेतृत्वकर्ताहरूलाई उनीहरूको डाइरेक्ट सुपरिवेक्षक, अभिभावक संलग्नता कार्यालय, सुरक्षा र बचाउ विभाग, र/वा अन्य कुनै डिपिएस विभागसँग, युक्तिसङ्गत र आवश्यक रूपले निषेध पत्र जारी गर्नु अघि र अगाडि, अभिभावक संलग्नता कार्यालयबाट मध्यस्थता अनुरोध गरेजस्तै डिस्ट्रिक्ट मध्यस्थता स्रोतहरू खोज्नका लागि परामर्श गर्न जोडदार रूपमा प्रोत्साहित गरिन्छ।

• निषेध पत्र पाएपछि र तीस दिनभित्रमा, आमाबाबु/आधिकारिक अभिभावकले आफुले बुझेको स्थिति र तथ्यहरू सहित सुपरिन्टेन्डेन्टलाई अपिलका लागि पत्र लेख्न सक्नेछन्।

• सहयोग चाहिने आमाबाबु/अभिभावकहरूलाई सहयोग गर्न, अभिभावक संलग्नता कार्यालय उपलब्ध हुनेछ जसले सुपरिन्टेन्डेन्टलाई बुझाउनका लागि आमाबाबु/आधिकारिक अभिभावकको सही गरिनुपर्ने लिखित वक्तव्यको ट्रान्सक्रिप्सन र/वा अनुवाद गर्न सहयोग गर्नेछ।

• सुरूमा जारी गरिएको निषेध पत्रको समय ननाघ्ने गरी सुपरिन्टेन्डेन्टले तीस दिन भित्र आमाबाबु/अभिभावकलाई सञ्चार गर्नु पर्ने निर्णय जारी गर्नेछन्।

अभिभावक संलग्नता कार्यालयले कुनै पनि जारी गरिएका निषेध पत्रहरूको अभिलेख राख्नेछ र शिक्षा बोर्डले अनुरोध गरेका खण्डमा तथ्याङ्क उपलब्ध गराउनेछ।

स्वीकृत

मे १७, १९६५

भागहरू परिमार्जित, सेप्टेम्बर १, १९७० अगस्ट २०, १९७६ र फेब्रुवरी १, १९८३
परिमार्जित अप्रिल १९९४
परिमार्जित जुन २०, २००२
परिमार्जित जुन ३०, २०११

कानुनी सन्दर्भ : सि.आर.एस. १८–१–१९०१(३)(इ)
सि.आर.एस. १८–९–१०६
सि.आर.एस. १८–९–१०८ देखि ११०
सि.आर.एस. १८–९–११७
सि.आर.एस. १८–१२–१०५.५
सि.आर.एस. १८–१८–१०५
सि.आर.एस. १८–१८–४०७(२)

परिमार्जित नगरपालिका कोड, डेनभर शहर र काउन्टी, धारा ८२४.२ परिमार्जित सन्दर्भ अध्यादेश ३४६ श्रेणी १९६८
क्रस सन्दर्भ : जिबिइबि, स्टाफ व्यवहार
जिबिइसि, लागू पदार्थ मुक्त कार्यक्षेत्र, (स्टाफ सदस्यहरूद्वारा मदिरा प्रयोग/लागू पदार्थ दुरुपयोग)

जेआइसिएच, विद्यार्थीहरूद्वारा लागू पदार्थ र मदिरा प्रयोग
जेआइसिआइ, विद्यालयमा हतियार
केआइ, विद्यालयमा आगन्तुक